# पोखरा विश्वविद्यालय

## पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली, २०७६

पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पोखरा विश्वविद्यालय ऐन, २०५३ को दफा ४१ ले प्रदान गरेको अधिकार प्रयोग गरी विश्वविद्यालय सभाले देहायको नियमहरू बनाएको छ ।

### परिच्छेद-१

प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमावलीको नाम "पोखरा विश्वविद्यालय छात्रवृत्ति (पाँचौ संशोधन) सम्बन्धी नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ को नियम ४ को उपनियम (२) मा संशोधनः पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली,२०६५ (यसपछि मूल नियमावली भनिएको) को नियम ४ को उपनियम (२) मा देहाय बमोजिम संशोधन गरिएको छः-

"(२) उपनियम (१) को खण्ड (क), (ग) र (ज) अनुसारको छात्रवृत्ति बाहेक विश्वविद्यालयलाई प्राप्त हुने छात्रवृत्ति मध्ये सार्वजनिक शैक्षिक संस्थाहरूबाट एसईई वा एसएलसी उत्तीर्ण गरेकाहरूका लागि मात्र ६० प्रतिशत खुल्ला र ४० प्रतिशत समावेशी छात्रवृत्ति कायम गरी सो छात्रवृत्ति दलित, जनजाति, दुर्गम, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते तथा पीडित र मधेशी समुदाय व्यक्तिहरूका लागि विषयगत रूपमा सुरक्षित गरिनेछ । साथै माथि उल्लेखित ४० प्रतिशत समावेशी छात्रवृत्तिलाई शतप्रतिशत कायम गरी देहायको प्रतिशतको आधारमा वितरण गरिनेछः

(क) दलितलाई २० प्रतिशत,
(ख) जनजातिलाई २० प्रतिशत,
(ग) दुर्गम क्षेत्रकालाई २० प्रतिशत,
(घ) अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पीडितलाई २० प्रतिशत
(ङ) मधेशी समुदायलाई २० प्रतिशत"

३ मूल नियमावलीको नियम ४ को उपनियम (४) मा संशोधनः मूल नियमावलीको नियम ४ को उपनियम (४) मा देहायबमोजिम संशोधन गरिएको छः-

"(४) उपनियम (१) को खण्ड (क), (ग) र (ज) बमोजिमका छात्रवृत्ति बाहेक सबै प्रकारका छात्रवृत्तिमा महिलाहरूलाई ५० प्रतिशत छात्रवृत्ति सुरक्षित राखिनेछ । योग्य महिलाहरूको संख्या ५० प्रतिशत भन्दा कम भएमा सोही छात्रवृत्ति समूहको पुरूषले पाउनेछ । विषयगत छात्रवृत्तिमा महिला र पुरूष गरी वितरण गर्न नसक्ने अवस्था आएमा वा विषयगत छात्रवृत्तिको कोटा एक

मात्र रही खुल्ला र आरक्षित समूह गरी वितरण गर्न नसक्ने अवस्था आएमा उच्चतम अङ्क ल्याउने लाई छात्रवृत्ति दिइनेछ ।"

४ मूल नियमावलीको नियम ४ को उपनियम (५) मा संशोधनः मूल नियमावलीको नियम ४ को उपनियम (५) मा देहाय बमोजिम संशोधन गरिएको छः-

"(५) उपनियम (१) को खण्ड (ग) अनुसारको स्थानीय छात्रवृत्ति विश्वविद्यालयको आंगिक स्कूल/कलेज सञ्चालन भएका गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने नागरिकलाई मात्र दिइनेछ । यो छात्रवृत्ति अन्तर्गत विश्वविद्यालयको आंगिक स्कूल/कलेज संचालन भएको स्थानीय तहभित्र सञ्चालित हुने सबै कार्यक्रमहरूमा एक एक सिट छुट्टयाइनेछ । तर छात्रवृत्ति कोटा एकवटा मात्र भएमा त्यस कोटालाई खुल्ला छात्रवृत्तिको लागि छुट्टयाइनेछ । छात्रवृत्ति कोटा दुईवटा मात्र भएमा एकवटा खुल्ला तर्फ र अर्को एकवटा नियम ४ को (ग) बमोजिमको छात्रवृत्तिको लागि छुट्टयाइनेछ । छात्रवृत्ति कोटा तीन वटा मात्र भएमा उपनियम (१)को (ख), (ग) र (ज) अनुसार वितरण र चार वा सोभन्दा बढी भएमा उप नियम ३ ले गरेको व्यवस्था अनुसार कोटा छुट्टयाइनेछ ।"

५ मूल नियमावलीको नियम ४ को उपनियम (७) मा संशोधनः मूल नियमावलीको नियम ४ को उपनियम (७) मा देहाय बमोजिम संशोधन गरिएको छः-

"(७) कुनै विषयमा छात्रवृत्तिको कोटा एक मात्र भयो भने कोटा संख्या कम भएकै कारणले खुला र आरक्षित संख्यामा विभाजन गर्न नसक्ने अवस्था आएमा छात्रवृत्ति दिंदा खुलातर्फको उच्चतम अंक ल्याउने उम्मेदवारलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । उच्चतम अङ्क ल्याउने उम्मेदवारलाई छात्रवृत्ति पाउनबाट बञ्चित गरिनेछैन ।"

६ मूल नियमावलीको नियम ४ को उपनियम (१०) मा संशोधनः मूल नियमावलीको नियम ४ को उपनियम (१०) मा देहाय बमोजिम संशोधन गरिएको छः-

"(१०) उपनियम (१)को खण्ड (ज) अनुसारको छात्रवृत्ति विश्वविद्यालयको आङ्गिक कलेजहरूमा सञ्चालित कार्यक्रमहरूमा शिक्षक कर्मचारीको २ जनासम्म छोराछोरीलाई विश्वविद्यालयले छात्रवृत्ति उपलब्ध गराउनेछ । यस अनुसारको छात्रवृत्ति निम्न प्रक्रिया पुरा गरेर प्रदान गरिनेछः

(क) विश्वविद्यालयको साधारण कार्यक्रम (व्यवस्थापन/मानविकी संकाय अन्तर्गतको) को हकमा विश्वविद्यालयले संचालन गरेको प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना भएका शिक्षक कर्मचारीहरूको छोराछोरीलाई छात्रवृत्ति शाखाले छात्रवृत्ति प्रदान गर्नेछ ।

(ख) विश्वविद्यालयको प्राविधिक कार्यक्रम अन्तर्गत हरेक कार्यक्रममा एक सिट शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिको लागि छुट्याइनेछ ।

(ग) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिको लागि नियम ८ अनुसारको छात्रवृत्ति छनौट परीक्षा उत्तीर्ण गरी योग्यताक्रम अनुसार शिक्षक कर्मचारीहरूका छोराछोरीहरूमध्येबाट हरेक प्राविधिक कार्यक्रमको लागि शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिको लागि छानिनेछ ।"

७ मूल नियमावलीको नियम ७ को उपनियम (१) को खण्ड (ज) मा संशोधनः मूल नियमावलीको नियम ७ को उपनियम (१) को खण्ड (ज) मा देहाय बमोजिम संशोधन गरिएको छः-

"(ज) यो नियमावली अनुसार उम्मेदवार छान्नको लागि छात्रवृत्ति छनौट परीक्षा सञ्चालन गर्ने, प्रश्नपत्र निर्माण गर्ने तथा परीक्षा केन्द्र तोक्ने ।"

८ मूल नियमावलीको नियम ७ को उपनियम (१) मा खण्ड (त) थपः मूल नियमावलीको नियम ७ को उपनियम (१) को खण्ड (ण) पछि देहायको खण्ड (त) थप गरिएको छः-

"(त) यस नियमावलीको नियम १० ले गरेको व्यवस्था बमोजिम छात्रवृत्तिका लागि आवेदन गर्ने सार्वजनिक र निजी तथा संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी गरेका दुवै थरी विद्यार्थीहरूलाई एकै समयमा एउटै प्रश्नपत्रबाट परीक्षा लिनेछ ।"

९ मूल नियमावलीको नियम १० को खण्ड (ख) मा संशोधनः मूल नियमावलीको नियम १० को खण्ड (ख) मा देहाय बमोजिम संशोधन गरिएको छः-

"(ख)स्नातक/स्नातकोत्तर/एमफिल तहका छात्रवृत्तिको लागि एसएलसी सार्वजनिक विद्यालयबाट अध्ययन गरी उत्तीर्ण गरेको हुनुपर्नेछ। तर नियम ४ को उपनियम (१)को खण्ड (क) र (ज) अनुसारको छात्रवृत्तिको लागि यो खण्ड लागू हुनेछैन । साथै यस नियमावलीको नियम ४ बमोजिम उपलब्ध हुने छात्रवृति कोटामा सार्वजनिक विद्यालयबाट एसइइ वा एसएलसी उत्तीर्ण गरेको हुनुपर्ने भनिएता पनि उपलब्ध छात्रवृत्ति कोटा रिक्त रहन गएको अवस्थामा संस्थागत विद्यालयमा अध्ययन गरी एसइइ वा एसएलसी उत्तीर्ण गरेका विद्यार्थीहरूलाई समेत मेरिटका आधारमा छात्रवृत्ति उपलब्ध हुने व्यहोराको जानकारी देहायमा उल्लेख भएबमोजिम हुनेगरी सर्वसाधारणलाई सुसूचित गराउनु पर्ने छ ।

(१) विश्वविद्यालयले छात्रवृत्ति सम्बन्धी सूचना प्रकाशित गर्दा नै सार्वजनिक विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरूलाई साविकको छात्रवृत्ति नियमावली अनुसार छात्रवृत्ति वितरण गरिसकेपछि पनि यदि छात्रवृत्तिमा कोटा वा सिट खाली रहेमा मात्र संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरूका लागि छात्रवृत्ति उपलब्ध गराउनेछ ।

(२) सार्वजनिक विद्यालयबाट र संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरूका लागि छुट्टाछुट्टै मेरिट लिष्ट प्रकाशित गरिने छ ।

(३) सार्वजनिक विद्यालयका विद्यार्थीहरूलाई नियमानुसार पहिलो र दोश्रो लिष्ट (Scholarship Awarded List) प्रकाशित गरी छात्रवृत्तिमा छनौट गर्ने र त्यसपछि पनि बाँकी रहेमा सार्वजनिक विद्यालयका मेरिट लिष्टमा रहेका सबै सिटका लागि, तेश्रो चरणमा सामुदायिक विद्यालय तर्फको मेरिट लिष्टका बाँकी सवै विद्यार्थीहरूलाई ७ दिनको म्याद राखी अन्तिम पटक निवेदन माग गर्ने । तेश्रो चरणमा निवेदन पेश गरी समावेश भएका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिसकेपछि पनि सिट बाँकी रहेमा मात्र ती सिटमा संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका मेरिट

लिष्टमा रहेका विद्यार्थीहरूबाट आवेदन माग गरी योग्य उम्मेदवारलाई छात्रवृत्तिमा पठाइनेछ ।

(४) उपरोक्त (ग) बमोजिम संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरूका लागि उपलब्ध हुने छात्रवृत्तिका सिटमा खुल्ला छात्रवृत्ति सरह उनीहरूको मेरिट लिष्टका आधारमा छात्रवृत्ति वितरण गरिनेछ ।

(५) संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरूका लागि निजले अध्ययन गरेको विद्यालय संस्थागत विद्यालय हो भनी प्रमाणित गरिएका कागजातहरू आवश्यक पर्ने छैन ।"

१० मूल नियमावलीको नियम १७ मा उपनियम (५) थप: मूल नियमावलीको नियम १७ को उपनियम(४) पछि देहायको उपनियम (५) थप गरिएको छः-

"(५) छात्रवृत्ति सम्बन्धी नियमावलीसँग नबाझिनेगरी छात्रवृत्तिमा विद्यार्थी छनौट गरी पठाउन आवश्यक कार्यविधि बनाई कार्य गर्ने अधिकार छात्रवृत्ति छनौट समितिलाई रहनेछ ।"

११ मूल नियमावलीको ठाउँ-ठाउँमा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएको छ ।"